# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियामावली, २०६५ को नियम(३) वमोजिम सार्वजनिक गरिएको विवरण

(२०७८ कार्तिक देखि पुस मसान्तसम्म )

## राष्ट्रिय सतर्कता केन्द्र
## सिंहदरबार, काठमाडौं

२०७८ माघ

**क. निकायको स्वरूप र प्रकृति:** यस राष्ट्रिय सतर्कता केन्द्रको भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियनत्रण गर्न तथा भ्रष्टाचार विरुद्व जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा ३७ को प्रावधान अनुसार २०५९।४।२७ मा यस संस्थाको स्थापना भएको हो ।यसले प्रचलित कानून वमोजिम भ्रष्टाचार विरुद्ध निरोधात्मक(Preventive)रप्रवर्द्धनात्मक (Promotional) कार्यहरु गर्दछ ।

**ख. निकायको काम, कर्तव्य र अधिकार:** भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा ३८ मा उल्लेख भए अनुसार राष्ट्रिय सकर्कता केन्द्रको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

१. सूचना संकलन तथा प्रारम्भिक छानविन गर्ने,
२. अनुगमन गर्ने,
३. सतर्क गराउने र कारवाहीका लागि लेखी पठाउने,
४. सुझाव तथा निर्देशन दिने,
५. समय पालना अनुगमन,
६. सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने,
७. नागरिक वडापत्रको कार्यान्वयन अनुगमन गर्ने,
८. निगरानी, छड्के जाँच तथा अन्वेषण गर्ने,
९. प्राविधिक परिक्षण गर्ने,
१०. जनचेतना अभिवृद्धि सम्वन्धी काम गर्ने,
११. प्रतिवेदन पेश गर्ने ।

**ग. निकायमा रहने कर्मचारीको संख्या**

| **सि.नं.** | **पद** | **श्रेणी** | **सेवा** | **समूह** | **उपसमूह** | **कूल दरबन्दी** |
|---|---|---|---|---|---|---|
| निजामती तर्फ | | | | | | |
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव (प्र). | रा.प.प्रथम | प्रशासन | | | २ |
| ३ | सहसचिव (प्रा.) | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ४ | उपसचिव (प्र.) | रा.प.द्वि | प्रशासन | सा.प्र. | — | ५ |
| ५ | उपसचिव(कानून) | रा.प.द्वि. | न्याय | कानून | — | १ |
| ६ | उपसचिव(लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | — | २ |
| ७ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| ८ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| ९ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | इलेक्ट्रीकल | जन. इले. | १ |
| १० | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ |
| १२ | शाखाअधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | - | २१ |
| १४ | लेखाअधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | — | २ |
| १५ | कानून अधिकृत | रा.प.तृ | न्याय | कानून | — | २ |
| १६ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्डआर्किटेक्ट | २ |
| १७ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| १८ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| १९ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| २० | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ |
| २१ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | एयरपोर्ट | १ |
| २२ | नापीअधिकृत | रा.प.तृ. | ईन्जिनियरिङ | सर्भे | — | १ |
| २३ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइड्रोपावर | १ |
| २४ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | ई . एण्डटेलिकम .ई. | — | १ |
| २५ | मेकानिकल इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | जन. मेका. | १ |
| २६ | मेकानिकल इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | नि.उप.सं | १ |
| २७ | वातावरणविद् | रा.प.तृ. | विविध | — | — | १ |
| २८ | इन्जिनियर | रा.प.तृ. | विविध | कम्प्युटर | — | १ |
| २९ | समाजशास्त्री | रा.प.तृ. | विविध | — | — | १ |
| ३० | कम्प्युटरअधिकृत | रा.प.तृ. | विविध | — | — | २ |
| ३१ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | — | १५ |
| ३२ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | — | २ |
| ३३ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ३४ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| ३५ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| ३६ | सब—इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्डआर्किटेक | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | ईन्जिनियरिङ | सिभिल | जनरल | १ |
| ३८ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | इलेक्ट्रीकल | जनरलइलेक्ट्रि. | १ |
| ३९ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | मेकानिकल | निर्माणउपकरणसंभार | १ |
| ४० | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | ई .एण्ड टेलिकम.ई. | — | १ |
| ४१ | ल्याब असिस्टेन्ट | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ४ |
| ४२ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | — | — | ६ |
| ४३ | ल्याब ब्वाई | रा.प.अनं.द्वि).प्रा( | इन्जिनियरिङ्ग | सिभिल | जनरल | २ |
| | जम्मा | | | | | ९६ |
| १. | ह.स.चा | श्रेणी विहीन | | | | १० |
| २. | का.सहयोगी/पाले/स्वीपर | श्रेणी विहीन | | | | १७ |
| | निजामती जम्मा (क) | | | | | १२३ |

राष्ट्रिय सतर्कता केन्द्र प्रहरी तर्फ

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी |
|---|---|---|---|---|---|
| १ | प्रहरी नायव महानिरीक्षक | रा.प. प्रथम सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| २ | वरिष्ठ प्रहरी उपरीक्षक | रा.प. प्रथम सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| ३ | प्रहरी उपरीक्षक | रा.प. द्वितीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ५ |
| ४ | प्रहरी नायव उपरीक्षक | रा.प.द्वितीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ८ |
| ५ | प्रहरी निरीक्षक | रा.प. तृतीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ९ |
| | जम्मा | | | | २४ |

**घ. निकायवाट प्रदान गरिने सेवाः**सार्वजनिक निकायवाट प्रदान हुने सेवाको वारेमा गुनासो/उजुरी संकलन गरी कारवही अगाडी वढाउने ।

**ङ. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः दस्तुर नलाग्ने**(प्रतिलिपी माग गरेमा नियमानुसार लाग्ने), ऐन नियमले तोकेको अवधिमा दिने ।

**च. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**केन्द्रको निर्देशिका अनुसार हुने ।

**छ. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**सह-सचिव (प्रशासन तथा अनुगमन महाशाखा)

**झ. सूचना अधिकारीको र प्रमुखको नाम र पदः**

- श्री सुशिल चन्द्र तिवारी- प्रमुख अधिकृत
- श्री हरि प्रसाद शर्मा- सूचना अधिकारी

**ज. सम्पादन गरेको कामको विवरण(**२०७८ कार्तिक १ गतेदेखि २०७८ पुस मसान्तसम्म)

१. उजुरी व्यवस्थापन समितिको ६ वटा वैठक वसी केन्द्रमा प्राप्त उजुरीहरू उपर सुनुवाई गरिएको ।

२. गत आ.व. वाट अ. ल्या. भई आएका २५० तथा चालु आ.व.को पुस मसान्त सम्ममा प्राप्त भएका ३१७ सहित जम्मा ५६७ वटा उजुरीहरु मध्ये यस अवधिमा २५५ वटा उजुरीहरु फछ्यौंट गरिएको । यसवाट सुशासन कायम गर्न सघाउ पुर्याजएको ।

३. यस अवधिमा १७ वटा छानविन टोली गठन भएको तथा छानविन टोलीवाट ४० वटा प्रतिवेदन पेश भएको ।

४.१७० वटा विभिन्न मन्त्रालयहरु, केन्द्र र कार्यालयमा गरिएको समय पालना र पोशाक सम्वन्धी अनुगमनमा ८१९ जना कर्मचारीहरु तोकिएको समयमा कार्यालयमा हाजिर नभएको र १८४ जनाले तोकिए वमोजिमको पोशाक नलगाएको पाइयो । निजामती सेवाका कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा ५५(क) बमोजिम, स्वास्थ्य सेवाका कर्मचारीहरुलाई स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ६८ बमोजिम र करार सेवाका कर्मचारीहरुलाई सेवा करार सम्झौता बमोजिम कारवाही गर्न अनुरोध गरी सम्वन्धित निकायमा लेखी पठाइएको । यसवाट कर्मचारीहरुवाट आचारसंहिता पूर्ण रुपमापालना हुने अपेक्षा गरिएको

५. १३८ वटा कार्यालयहरुमा नागरिक वडापत्रको अनुगमन गरिएको ।यसवाट सेवा प्रवाहमा प्रभावकारिता आउने अपेक्षा गरिएको ।

६. यस केन्द्रवाट ५ वटा जिल्लामा **भ्रष्टाचार नियन्त्रणः हाम्रो साझा दायित्व** विषयक सुशासन प्रवर्द्धनको गोष्ठी सम्पन्न गरिएको । यसवाट सुशासन प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा गरिएको ।

७. १५ वटा स्थानीय तहहरुमा कर्मचारी /जनप्रतिनिधिहरुलाई भ्रष्टाचार विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको ।यसवाट स्थानीय तहमा सदाचार प्रवर्धनमा सघाउ पुगेको विश्वास लिइएको ।

८. कास्की जिल्लाको पोखरामा भ्रष्टाचार विरुद्ध प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी सम्पन्न गरिएको ।

९. ५२ वटा आयोजनाहरुको प्राविधिक परीक्षण गर्न प्राविधिक परीक्षकहरुसँगको सम्झौता अन्तिम चरणमा रहेको ।

१०. ४० जना प्राविधिकहरुलाई प्राविधिक परीक्षक तालिम उपलव्ध गराउन केन्द्रमा प्राप्त आवेदनहरुको मूल्यांकनको क्रममा रहको ।

११. केन्द्रवाट सम्पादन भएका कार्यहरुको जानकारी सहित पत्रकारहरुसँग एक पटक अन्तरक्रिया गरिएको ।

१२. उजुरी उपर छानविन गरी प्राप्त प्रतिवेदनहरु मध्ये महत्वपूर्ण प्रतिवेदनहरु केन्द्रको Web Siteमा राख्ने गरिएको।साथै केन्द्रमा पर्न आएका उजुरीहरुको विषयमा उजुरीको अन्तिम निरुपण भै सकेपछि सोको जानकारी माग भएको अवस्थामा मौखिक/लिखित जानकारी दिने गरिएको ।